# कोबे शहर कर

जापानमा बस्ने र काम गर्ने मानिसहरूले कर तिर्छन्।



कोबे सिटीले करको पैसा स्कूल, फायर फाइटिंग, फोहोर फाल्ने, आदिका लागि प्रयोग गर्छ।



## कोबे शहरको कर तिर्ने प्रक्रिया

कृपया अन्तिम म्याद भित्र आफ्नो कर तिर्नुहोस ।

।. भुक्तानी पर्चीबाट तिर्नुहोस

खाममा समावेश गरिएको कर भुक्तानी पर्ची प्रयोग गरेर पैसा तिर्नुहोस्।

तपाईंले भुक्तान गर्न सक्ने ठाउँहरू: कोनबिनि स्टोरहरू, बैंकहरू, हुलाक कार्यालयहरू, शिन-नागाता सरकारी भवन, आदि।

2. आफ्नो बैंक खाताबाट भुक्तानी गर्नुहोस्

कृपया खाता स्थानान्तरणका लागि प्रक्रियाहरू पूरा गर्नुहोस्। आफ्नो बैंक खाताबाट कर तिर्न सक्नुहुन्छ।

3. नगदरहित भुक्तानी गर्नुहोस्

तपाइँको कम्प्युटर, स्मार्टफोन, वा ट्याब्लेट प्रयोग गरी कुनै पनि समयमा भुक्तान गर्न सक्नुहुन्छ।

- ◆ एप
- ◆ क्रेडिट कार्ड
- ◆ इन्टरनेट बैंकिङ

## शहर/प्रिफेक्चरल कर

शहर/प्रिफेक्चरल कर तिर्ने व्यक्ति।



·जनवरी । मा कोबे शहरमा बस्ने मानिसहरू

·जो व्यक्ति जनवरी । मा कोबे शहर भित्र बस्दैन, तर कार्यालय वा घरको स्वामित्व छ।

जुनमा, कोबे सिटीले तपाईंलाई कर भुक्तानी सूचना (कर सूचना) पठाउनेछ।

## निश्चित (स्थिर) सम्पत्ति कर/शहरी योजना कर

निश्चित सम्पत्ति कर र शहर योजना कर तिर्ने व्यक्तिहरू हुन्:

जो व्यक्तिसंग जनवरी । सम्म कोबे शहरमा स्थिर सम्पत्तिहरू छन्।

निश्चित सम्पत्ति = जग्गा, घर र मानस्योन / काममा प्रयोग हुने मेसिनहरू



अप्रिलमा, कोबे सिटीले तपाईंलाई कर भुक्तानी सूचना पठाउने छ।



## हल्का मोटर वाहन कर (वाहन कर)

अप्रिल । तारिखसम्म हल्का सवारी कर तिर्नेहरू मोटरसाइकल, हल्का गाडी, सानो विशेष सवारी वा दुई पाङ्ग्रे साना सवारी साधनको स्वामित्वमा रहेको व्यक्तिहरु हुन्।

कोबे सिटीले तपाईंलाई मे महिनामा कर भुक्तानी सूचना पठाउने छ।



कृपया मे 3। सम्म तिर्नुहोस्।





## प्रश्न र उत्तर



यदि मैले कर तिरेको छैन भने के हुन्छ?



।. लामो समय सम्म भिसा नवीकरण पाउन सक्दिन।
2. कोबे सिटीले तपाईंको तलब र बचतबाट कर सङ्कलन गर्छ।
3. जरिमाना लगाइनेछ। तपाईंले तिर्नु पर्ने रकम बढ्नेछ।





जापान सधैको लागि छाडेर जादा  के गर्नुपर्छ ?



जापान छोड्नु अघि, कृपया जापानमा बस्दा लागेका सबै करहरू तिर्नुहोस्।

एक कर एजेन्टले तपाईंको तर्फबाट कर प्रक्रियाहरू ह्यान्डल गर्ने कि नगर्ने निर्णय गर्नुहोस्,कृपया कागजातहरू कोबे शहरमा पेश गर्नुहोस्।



विद्यार्थीहरूले कर तिर्छन्?



विद्यार्थीहरूले पनि कर तिर्छन् यदि तिनीहरूले काम गर्छन अथवा मोटरसाइकल छ।

पार्टटाइम कामदारको रूपमा तलब पाउने व्यक्तिहरूले कर तिर्नु पर्छ।



मैले आयकरको बारेमा कहाँ सोध्न सक्छु?



कृपया तपाई बस्ने नजिकैको कर कार्यालयलाई सोध्नुहोस्।

## जब तपाईं कोबे शहरमा करहरू बारे सोध्न चाहनुहुन्छ

※ कृपया जापानी भाषा बुझ्ने व्यक्तिसंग मिलेर फोन गर्नुहोस्।

| | |
|---|---|
| जब तपाइँ नगरपालिका कर बारे सोध्न चाहानुहुन्छ | नगरपालिका कर विभाग<br>टेलिफोन: (078)647-9300<br>फ्याक्स: (078)647-9560<br>इ-मेल ठेगाना : kazeikikaku-kazei@office.city.kobe.lg.jp |
| म निश्चित (स्थायी) सम्पत्ति कर बारे सोध्न चाहन्छु। | निश्चित (स्थायी) सम्पत्ति कर विभाग<br>टेलिफोन : (078)647-9400<br>फ्याक्स : (078)647-9429<br>इ-मेल ठेगाना : koteishisanzeika@office.city.kobe.lg.jp |
| म हल्का गाडीको कर बारे सोध्न चाहन्छु समय | करपोरेट कर विभाग<br>टेलिफोन : (078)647-9399<br>फ्याक्स : (078)647-9570<br>इ-मेल ठेगाना: keiji@office.city.kobe.lg.jp |
| जब तपाईलाई कर तिर्न समस्या हुन्छ<br>जब तपाइँ तपाइँको भुक्तानी पर्ची हराउनुहुन्छ<br>जब तपाइँ कसरी तिर्न थाहा छैन | कर भुक्तानी सूचना केन्द्र<br>टेलिफोन : (078)647-9530<br>फ्याक्स : (078)647-9591<br>इ-मेल ठेगाना : syuno-kanri@office.city.kobe.lg.jp |